लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर काठमाण्डौं
मिति: २०७३।०२।१२ गते ।

# प्रेस विज्ञप्ती - १६१

# Press Release-161

## लागु औषध कोकिन २ के.जी. ६८३ ग्राम सहित अन्तराष्ट्रिय कारोबारीहरू पक्राउ:

लागु औषध नियन्त्रण ब्यूरोद्वारा लामो समय देखिको निग्रानी पश्चात संचालन गरिएको '**Operation Fish**' अन्तर्गत अबैध लागुऔषध कोकिन सहित बिभिन्न राष्ट्रका निम्न ब्यक्तिहरू पक्राउ परेका छन्।

**निम्न:**

१. **YMERIS CARMEN Narvaez**

- मिति २०७३।०२।०९ गते अं. १७:०० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.२९ जे पी मार्ग ठमेलबाट ४९ वर्षीय भेनेजुयलाकी महिला **YMERIS CARMEN Narvaez** लाई पक्राउ गरी निजको प्रारम्भिक अनुसन्धानबाट खुलेको तथ्यको आधारमा थप ब्यक्तिहरु पक्राउ गरीएको छ।
- PP No 135190018 बाहक निज महिला मिति २०७३।०१।२५ गते १८:२५ बजे FZ575 द्वारा दुबईबाट काठमाण्डौ आएकी थिईन् । **Venezuela** को Caracas, **Colombia** को Bogota, **Brazil** को Sao Paulo, **UAE** को Dubai हुदैं **नेपाल** आएकी निज महिला काठमाण्डौमा बिभिन्न गेष्टहाउसमा बस्दै आएकी थिईन्।
- भेनेजुयलामा निजको कोकिन रहेको झोला Police ले चेक गरी यो के सामान हो ? कहाँबाट ल्याएको हो भनि सोधी सबै सामान फिजाई चेकजांच गरेका थियो।
- YMERIS ले मिति २०७३।०२।०१ गते गिनिको पासपोर्ट बाहक **Mohamed Lamine Doba** लाई र मिति २०७३।०२।०३ गते तनहुँ धर्मपानी गा.बि.स वडा नं. ९ घर भई हाल का.जि. का.म.न.पा २९, रानीबारी बस्ने दिल बहादुर गुरुङलाई आफूले भेनेजुएलादेखि बोकेर ल्याएको कोकीन दिएकी थिईन्। निज महिला उक्त मितिमा FZ574 मार्फत काठमाण्डौबाट दुबई, ब्राजिल, कोलम्बिया हुंदै भेनेजुयला फर्कने क्रममा काठमाण्डौ, ठमेलमा पक्राउ परेकी हुन्। काठमाण्डौमा निज महिला बसेको गेष्ट हाउसको कोठा कम्बोडियाबाट बुक भएको थियो। उक्त बुकिंग भएको होटल सम्बन्धमा अनुसन्धान भईरहेको हुदां नाम गोप्य राखिएको छ।
- केही महिना अघिमात्र परिचय भएकी भेनेजुयलाकी **Catharine** ले मिति 14 April 2016 मा निजको पासपोर्ट बनाई दिएकी थिईन्। "माछा मार्न प्रयोग हुने नाईलनको डोरी हो, नेपालमा महंगो मुल्य पर्छ, नेपाल लैजाऊ, त्यहां पुगेपछि John लाई सम्पर्क गर्नु र उसले भनेको ब्यक्तिलाई उक्त सामान दिनु" भनी Catharine ले पठाएकी निज महिलालाई भेनेजुयलामा बस्ने नाईजेरीयन मुलका **John** भन्ने ब्यक्तिले यु एस डलर १५०० दिने सर्तमा यो काम लगाएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

- YMERIS पक्राउ परेपछी निजले दिएको सूचनाको आधारमा मिति २०७३।०२।११ गते का.जि. का.म.न.पा १७ क्षेत्रपाटीबाट तनहुँ धर्मपानी गा.बि.स वडा नं. ९ घर भई हाल का.जि. का.म.न.पा २९, रानीबारी बस्ने बर्ष २८ को **दिल बहादुर गुरुङ** र निज संगै रहेका भारतको 90h/2 Dr. Sudhir Bose Road No 77EK Balpur Kolkato 700013 घर बताउने पासपोर्ट नं. J6826132 बाहक बर्ष ३० का भारतीय नागरिक **TOUHID KHAN** लाई पक्राउ गरीएको छ।
- पक्राउ परेका दिल बहादुर गुरुङको साथबाट फेला परेको २ रोल नाईलनको धागो भित्र लुकाउ छिपाउ गरेको अवस्थामा **४२६.५** ग्राम कोकिन तथा TOUHID KHAN को साथमा रहेको झोलामा फेला परेको ३ रोल नाईलनको धागो भित्र लुकाई छिपाई गरीएको **६२८** ग्राम कोकिन समेत बरामद भएको छ।
- निज दिल बहादुर गुरुङ लामो समय देखि लागु औषध चरेस बिभिन्न बस्तुहरुमा लुकाउछिपाउ गरी हङकङ, थाईल्याण्ड, भारत आदी देशहरूमा ओसारपसार गर्ने मुख्य ब्यक्ति हुन्। उनले नेपालको नुवाकोट, धादिङ, मकवानपुर, बाग्लुङबाट बिभिन्न ब्यक्तिहरुलाई बिभिन्न सामानहरुमा लागुऔषध चरेस लुकाई छिपाई भारतको नयां दिल्लीबाट हङकङ, थाईल्याण्ड आदी देशहरुमा कारोबार गर्ने गरेका थिए।
- उनले हालसम्म २६ पटक भन्दा बढी आफै थाईल्याण्ड र हङकङमा लागुऔषध चरेस ओसारपसार गरेका तथा नुवाकोट,धादिङ, मकवानपुर, गोरखा, तनहु, कास्की, लमजुङ लगायतका जिल्लाहरुबाट बिभिन्न ब्यक्तिहरुलाई आर्थिक प्रलोभनमा पारी अबैध लागुऔषध चरेसको कारोबार गर्दै आएका थिए। **एक kg चरेस हङकङ पुऱ्याउँदा १२,००० हङकङ Dollar (ने रु.१६८०००) प्राप्त गर्ने गरेको तथा ७-८ के.जि चरेस लुकाउ छिपाउ गरी हङकङ पुऱ्याउँदा अं. १२-१४ लाख ने.रु प्राप्त गर्ने गरेको** अनुसन्धानबाट खुलेको छ।
- हाल बरामद भएको कोकीन ओसारपसारको लागि हङकङ बस्ने अं. ३० बर्षको **पाकिस्तानी नागरिक वाहिद खानले** दिल बहादुर गुरुङलाई हङकङबाट **१३ लाख ६० हजार नेपाली रुपैया (१लाख हङकङ डलर)** दिएको खुल्न आएको छ, जुन रकम निजबाट बरामद समेत भएको छ । वाहिद खान लामो समय देखि हङकङमा बसी लागुऔषध कोकिन र चरेसको कारोबार गर्ने अन्तराष्ट्रिय गिरोहका मुख्य ब्यक्ति हुन् जसले बिभिन्न South American मुलुकबाट हङकङ पुग्ने लागुऔषध कोकिन र नेपाल तथा भारतबाट हङकङ पुग्ने लागुऔषध चरेस बिभिन्न युरोपियन मुलुकहरुमा तस्करी गर्ने गरेको खुल्न आएको छ।
- निज वाहिद खानसंगै हङकङमा बसी लागुऔषधको कारोबार गर्ने **चाचा भन्ने पाकिस्तानी नागरिक अब्दुल रजाक र आफुलाई वाहिदको भाई बताउने ब्यक्ति** समेत यस कोकिनको कारोबारमा संलग्न रहेको पाईएको छ।
- निज दिल बहादुर गुरुङले पठाएका जिल्ला नुवाकोट शिखरबेसी गाबिस-४ बस्ने पेम्बा तामाङलाई मिति **२०७०।०६।०१ गते** काठमाण्डौबाट बैंकक जान लागेका अबस्थामा **४ केजि चरेस** सहित यस ब्यूरोले त्रि.अ.बि बाट पक्राउ गरेको थियो। उक्त मुद्दामा निज दिल बहादुर हालसम्म **फरार रहेका ब्यक्ति** हुन्।
- निज दिल बहादुरलाई दिन भनी **सुटकेसमा फल्स बटम बनाई ७ के.जि चरेस** लुकाईछिपाई ल्याएको अबस्थामा मिति **२०७३। ०२।०७ गते** धादिङ भुमेस्थान गाबिस -२ बस्ने धन बहादुर तामाङ र सोही स्थानमा बस्ने राहुल तामाङलाई का.जि.का.म.न.पा १४ स्थित मकालु पेट्रोल पम्पबाट पक्राउ गरीएको थियो।

## भारतीय नागरिक TOUHID KHAN

- भारतको 90h/2 Dr. Sudhir Bose Road No 77EK Balpur Kolkato 700013 घर बताउने पासपोर्ट नं. J6826132 बाहक बर्ष ३० का भारतीय नागरिक TOUHID KHAN मिति २०७३।०२।१० गते Jet Airways को बिमानबाट कलकत्ता -मुम्बई हुंदै प्रतिबादी दिल बहादुरबाट कोकिन लिनको लागि काठमाण्डौ आएका हुन्।
- निज खान सन् 2010 मा HongKong, China गई HKG मा राजा भाई पाकिस्तानी (वाहिद खान) र एक इण्डियनसंग चिनजान गरी **कार्टुन, चामल, दाल र मसलाको डिब्बा आदी सामानमा** लागुऔषध चरेस लुकाईछिपाई भारतको कलकत्ताबाट २०१० देखि २०१५ सम्म **१२० भन्दा बढी हङ्कङ्मा** पठाउन सफल ब्यक्ति हुन्।
- निजका अनुसार उनले लागुऔषध चरेसका क्याप्सुलहरु निलेर **२० भन्दा बढी पटक हङ्कङ्मा ओसारपसार** गरीसकेका छन्।
- निजले HongKong मा लागुऔषध ओसारपसार गर्दा प्रत्येक पटक **हवाई टिकट र ३० हजार भा रू प्राप्त गर्ने** गरेको अनुसन्धानबाट खुल्न आएको छ।



## Mohamed Lamine Doba

- गिनि  PP No**: R645904** बाहक 37 बर्षीय Mohamed Lamine Doba मिति **२०७३।०२।१२ गते ११:३०** वजेको समयमा का.जि.का.म.न.पा वडा नं.१७ क्षेत्रपाटीबाट निजको झोलामा रहेको **९ रोल** (ठुलो ५ र सानो ४ वटा) नाईलनको धागोभित्र लुकाईछिपाई राखिएको लागुऔषध कोकिन  किलो १ के.जी.६२८ ग्राम ५ मि.ग्रा. सहित पक्राउ  परेका छन् । मिति २०७३।०१।३१ गते मलेसियन एअर मार्फत चाईनाबाट काठमाण्डौ आएका  Mohamed Lamine Doba ले मिति २०७३।०२।०१ गते भेनेजुयलाकी YMERIS बाट उक्त अबैध लागुऔषध कोकिन प्राप्त गरेका थिए।
- निजको वास्तबिक नाम **Obinna Austin**, उमेर २८ बर्ष र निजको ठेगाना नाईजेरियाको Ojo Local Government,Lagos,Street no.2, Fujimori, koko मा रहेको,निजले बिभिन्न देशमा जानको लागि सहजै भिषा प्राप्त गर्न झुठ्ठा विवरण पेश गरी गिनिको पासपोर्ट प्राप्त गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।
- Mohamed Lamine Doba मलेसियामा गिनीको मानिसलाई सजिलै On Arrival visa प्राप्त हुने भएकोले ब्यापारिक प्रयोजनको लागि China को Visa लिन मलेसिया गएका थिए ।
- निजलाई नेपालमा लागुऔषध कोकिन लिन पठाउने  **नाईजेरियाका नागरिक वर्ष ३९ का Tochukwu Ogato** ले निजलाई Plane Ticket को व्यवस्था गरी उक्त सामान  निजले भने बमोजिम **YMERIS CARMEN** बाट लिई उसले भनेको चाईनिज नागरिकलाई दिई चाईना पठाउनु भनेका थिए।
- Mohamed का अनुसार Tochukwu Ogato नाईजेरीयाको Lagos मा एक कहलिएको फर्निचर ब्यापारीको रुपमा चिनिन्छ । निजले China बाट फर्निचरको व्यापार गर्ने गर्दछ । Lagos मा उसको ठुलो फर्निचरको होलसेल पसल रहेको छ । उसले आफ्नो फर्निचर व्यापारको आवरणमा यसरी लागुऔषधको कारोवार गर्दछ भन्ने कुरा नाईजेरीयामा शायदै कसैलाई थाहा छ र Tochukwu Ogato ले आफ्नो बिजनेशको लागि China, Malyasia, Guinea लगाएतका देशहरुमा धेँरै व्यक्तिहरु परिचालन गरेको अनुसन्धानको क्रममा खुलेको छ।
- Tochukwu Ogato को फर्निचर पसलमा ५ बर्ष काम गरेका Mohamed Lamine ले Customer संग डिल गर्ने, पैसा बैंकमा  जम्मा गर्ने, बिभिन्न ब्यक्तिलाई निजले भने बमोजिम पैसा दिने काम गरेका थिए ।
- लागुऔषध कोकिनको कारोबारमा यस पटक नेपाल, भारत, पाकिस्तान, चीन, नाईजेरीया, भेनेजुयला, कम्बोडियाका नागरिकहरु संलग्न रहेको अनुसन्धानको क्रममा देखिएको एवं अन्तर महादेशिय लागू औषध कारोवारीहरुको नेटवर्क मा संलग्न कारोवारीहरुलाई यस ब्यूरोले पहिलो पटक लामो निग्रानी पश्चात पक्राउ गर्न सफल भएको छ । सो सम्वन्धमा सम्बन्धित देशका लागुऔषध कानुन कार्यान्वयन निकायहरुसंग आवश्यक समन्वय भईरहेको छ।

साथै बरामद लागू औषध अवैध अन्त्राराष्ट्रिय बजार मुल्य ५ करोड ३६ लाख ६० हजार हुन आउँछ।

●●●

फोन नं. ४६०१०४८/फ्याक्स नं. ४६०१९७८, ईमेल: ncbnepal@gmail.com


Doba, Mohamed Lamine


लागू औषध नियन्त्रण ब्यूरो
काठमाण्डौं




लागू औषध नियन्त्रण
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS
Rest Room




DOURADO
KING






लागू औषध नियन्त्रण
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS
Name:- TOUHID KHAN
ठेगाना:- भारतीय नागरिक कोलकोता बस्ने
पक्राउ मिति २०७३।०२।११ गते
पक्राउ स्थान:- का.जि.का.म.न.पा. वडा नं. १७, क्षेत्रपाटी
बरामद:- कोकिन ६२८ ग्राम
नाम:- दिल बहादुर गुरुङ्ग
ठेगाना:- तनहुँ धरमपानी ९ घर भई हाल काठमाण्डौं रानीबारी बस्ने
पक्राउ स्थान:- का.जि.का.म.न.पा. वडा नं. १७, क्षेत्रपाटी
पक्राउ मिति:- २०७३।०२।११ गते
बरामद:- कोकिन ४२६.५ ग्राम
नाम:- MOHAMED LAMINE DABO
ठेगाना:- GUINEENNE नागरिक
YMERIS CARMEN NARVAEZ
ठेगाना:- Venezuela


तपाईलाई !
नाम:- दिल बहादुर गुरुङ्ग
ठेगाना:- तनहुँ धरमपानी ९ घर भई हाल काठमाण्डौं रानीबारी बस्ने
पक्राउ स्थान:- का.जि.का.म.न.पा. वडा नं. १७, क्षेत्रपाटी
पक्राउ मिति:- २०७३।०२।११ गते
नाम:- MOHAMED LAMINE DABO
GUINEENNE नागरिक